# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- ०८३/०८४
चलानी नम्बर :-

मिति : २०८३/०५/१७
नै.सं.: ११४६ गुंलागा षष्ठी

## प्रेस नोट

मिति २०८३/०५/१२ गतेको पालुङटार नगरपालिकाको कार्यापालिका बैठक नगर प्रमुख श्री विवस चिन्तन ज्यूको अध्यक्षतामा सम्पन्न भयो। उक्त बैठकमा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुको उपस्थिति थियो। बैठकले मिति २०८३ भाद्र १० गते बुधवार बिहान भोटेकोशी नदीमा आएको ठुलो बाढीका कारण रसुवा, नुवाकोट, गोरखा, धादिङ र चितवन जिल्लाका विभिन्न तटीय क्षेत्रहरुमा भएको अपूरणीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै यस प्राकृतिक विपत्तीमा परी ज्यान गुमाएका सम्पूर्ण मृतकप्रति भावपूर्ण श्रद्धान्जली अर्पणका साथ शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरेको छ। साथै घाइतेहरुको तत्काल उद्दार, उपचार, सम्पर्क विहिनको व्यक्तिहरुको खोजतलास, प्रभावित क्षेत्रमा सुरक्षा र राहतको व्यवस्थापन कार्यमा पालुङटार नगरपालिकाको तर्फबाट (जनप्रतिनिधिहरुको सेवा सुविधा, नगरपालिका मातहतका कार्यालयमा कार्यरत कर्मचारी, शिक्षकहरुको पारिश्रमिक) जम्मा **रु ३९०७१८३।– (अक्षरुपी उन्चालीस लाख सात हजार एक सय तीरासी रुपैया मात्र)** आर्थिक सहयोग नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा रहेको दैवी प्रकोप उद्दार कोषमा उपलब्ध गराउने निर्णय भएको व्यहोरा जानकारी गराईन्छ।

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

Website: www.palungtarmun.gov.np, E-mail: palungtarmun@gmail.com
टोल फ्रि नं. १६६०६४४२००२
फोन नं. ०६४-४०००५३, ४०००९२, ४००००२

Scanned with CamScanner